# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, मंसिर २४ गते, २०८२ साल (अतिरिक्ताङ्क ११

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको

## सूचना

## जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२



**प्रस्तावना:** खाद्य तथा पोषण सुरक्षा मार्फत गरिबी निवारण गर्न भैंसीको उत्पादनलाई अभिवृद्धि गरी कृषकहरुको आयआर्जन वृद्धि गर्न, दूध तथा मासु निर्यात अभिवृद्धिका लागि भैंसीपालन प्रवर्द्धन गरि पाडापाडी उत्पादन कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "उपसमिति" भन्नाले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ को नियम ३ को उपनियम (३) बमोजिमको उपसमिति सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सदूरपश्चिम प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "लाभग्राही" भन्नाले यस कार्यविधि अनुरुप कार्यक्रममा प्रत्यक्ष सहभागी भई लाभ प्राप्त गर्ने अनुदानग्राही कृषक समूह वा महिला कृषक समूह सम्झनु पर्छ ।

(ज) "समूह" भन्नाले कृषि तथा पशुपालन गर्ने उद्देश्यले स्थानीय तहमा दर्ता भएका कृषक समूह वा महिला कृषक समूहलाई सम्झनु पर्छ।





(झ) "स्थानीय तह" भन्नाले कार्यक्रम सञ्चालन हुने दफा ५ बमोजिमका सुदूरपश्चिम प्रदेशभित्रका स्थानीय तह सम्झनु पर्छ।

३. <u>उद्देश्य:</u> यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) दूध तथा मासु निर्यातमा सहयोग पुर्याउन राँगा/भैंसी पालनलाई प्रवर्द्धन गर्ने।

(ख) स्वस्थ्य राँगा/भैंसीको उत्पादन गरी दूध तथा मासु निर्यात उद्योगलाई कच्चा पदार्थ उपलव्ध गराउने।

(ग) वैदेशिक रोजगारीका लागि विदेश जाने तयारीमा रहेका एवम् विदेशबाट फर्केका युवा, कृषि विषय अध्ययन गरेका विद्यार्थी, बेरोजगार युवा, महिला तथा दलित समुदायका युवालाई राँगा/भैंसीपालन उद्यम गर्न अभिप्रेरित गर्ने।

(घ) दूध तथा मासु उत्पादनका लागि राँगा/भैंसी पालक कृषकको आम्दानी बृद्धि गर्ने।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम सञ्चालन गर्ने निकाय:** यो कार्यक्रम मन्त्रालय र निर्देशनालय मातहतको कार्यालय मार्फत जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम अन्तर्गत सञ्चालन हुनेछ।

५. **कार्यक्षेत्र:** कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित स्थानीय तह भित्र पहिलो वर्ष एउटा समूह/पकेट बाट शुरु गरी तीन वर्षभित्र सम्बन्धित पालिकामा समूह/पकेटको संख्या पाँच पुऱ्याइनेछ ।

<table>
<tr><th>जिल्ला</th><th>कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह</th><td rowspan="5">प्रत्येक जिल्लाका प्रत्येक स्थानीय तहमा पाँच वटा समूह/पकेट क्षेत्र</td></tr>
<tr><td>कैलाली</td><td>धनगढी, गोदावरी, गौरीगंगा, जोशीपुर, बर्दगोरिया, लम्कीचुहा, जानकी, टिकापुर, मोहन्याल</td></tr>
<tr><td>कञ्चनपुर</td><td>कृष्णपुर, बेलडाडी, भिमदत्त, वेदकोट, पुनर्वास,दोधारा चादनी, बेलौरी ,शुक्लाफाँटा</td></tr>
<tr><td>डोटी</td><td>शिखर, दिपायल सिलगढी, जोरायल, के.आई. सिंह, आदर्श, बडीकेदार</td></tr>
<tr><td>डडेल्धुरा</td><td>पर्शुराम, आलिताल, अमरगढी, नवदुर्गा, भागेश्वर</td></tr>
</table>





६. **लाभग्राही छनौटका आधार:**

(क) समूहमा कम्तिमा दश वटा माउ भैंसीपालन गरेको हुनु पर्ने।

(ख) भैंसी पालनका लागि घाँसपात, पानीको सुविधा भएको हुनु पर्ने।

(ग) समूहमा भैंसीपालनका लागि आधारभुत पुर्वाधार भएको हुनु पर्ने।

(घ) समूह भित्रको लाभग्राही छनोट गर्दा गरिब, विपन्न, अपाङ्ग, एकल महिला,मुक्त कमैया, मुक्त कम्लहरी, मुक्त हलिया, वादी, दलित लगायत लोपोन्मुख तथा सिमान्तकृत समुदायलाई प्राथिमकता दिनुपर्ने।

(ङ) समूहभित्रका लाभग्राही सदस्यले सरकारी वा गैर सरकारी निकायबाट भैंसी पालन सम्बन्धी अनुदान सहयोग नपाएको हुनु पर्ने।

७. **सञ्चालन गरिने क्रियाकलाप:** यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका क्रियाकालपहरु सञ्चालन गर्न सकिनेछ:-

(क) पाडापाडी उत्पादनका लागि कार्यालयले तोकेको प्राविधिक मापदण्ड बमोजिमको माउ भैंसी खरिद

(ख) सामुदायिक पशु प्रजनन केन्द्र स्थापना कृत्रिम गर्भाधान सहित (गड्डी सिमेन)/राँगो खरिद

(ग) नयाँ जन्मेका पाडापाडीको रेकर्डिङ/ ट्रेसिङ (buffalo calf rearing, package of practice) Good husbandry Practice अवलम्वन/ कार्यान्वयन

(घ) गोठ निर्माण/सुधार

(ङ) आहारा व्यवस्थापन, मकै, टियोसेन्टी लगायतका घाँसको लागि करार खेती, जग्गा सुधार, सिंचाई, साईलेज, हे, पराल लगायतका कृषि उपपदार्थहरूको feed fortification.

(च) औषधी उपचार/परजीवी नियन्त्रण / खोप कार्य

(छ) पशुपालनका लागि यन्त्र उपकरण/औजार

(ज) जैविक सुरक्षा सम्वन्धी कार्यहरु

(झ) पशु पहिचान तथा अभिलेखीकरण

(ञ) प्राविधिक सेवा (तालिम समेत)

८. <u>सूचना प्रकाशन तथा प्रस्ताव आव्हान:</u> (१) सम्बन्धित कार्यालयले सुचना प्रकाशन गर्नुपूर्व सम्बन्धित क्षेत्रका प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितका प्रमुख, स्थानीय तहका प्रमुख लगायत जनप्रतिनिधिहरुसँग कार्यक्रम सम्बन्धी समन्वयतात्क बैठक गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही सम्बन्धित कार्यालयले अनुसूची-१ अनुसारको ढाँचामा पन्ध्र दिनको समयसीमा तोकी सार्वजनिक सूचना





प्रकाशन गरी ईच्छुक लक्षित लाभग्राहीबाट प्रस्ताव आव्हान गर्नुपर्नेछ।

(३) उपदफा (२) अनुसारको सूचना कार्यक्रम सञ्चालन हुने सम्बन्धित स्थानीय तहका सम्बन्धित कृषि तथा पशुसेवा शाखाहरुमा समेत सूचना टाँस गरी जानकारी गराउनु पर्नेछ।

९. <u>आवेदन तथा प्रस्ताव पेश गर्ने:</u> यस कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राहीले अनुसूची -२ अनुसारको ढाँचामा आवश्यक सम्पुर्ण कागजात सहितको आवेदन तथा अनुसूची -३ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी तोकिएको समयभित्र कार्यालय वा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखामा पेश गर्नु पर्नेछ। ईच्छुक लाभग्राहीलाई प्रस्ताव तयार गर्ने कार्यमा सम्बन्धित कार्यालयले सहजीकरण गर्नु पर्नेछ।

१०. <u>प्रस्ताव मूल्याङ्कन तथा स्वीकृति:</u> (१) तोकिएको समय सीमाभित्र प्राप्त प्रस्तावहरुको मूल्याङ्कन नियमावलीको नियम ३ को उपनियम (३) बमोजिम कार्यालयमा रहेको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन उपसमितिले गर्नेछ।

(२) उपसमितिले कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश भएका स्थानीय तहहरु मध्येबाट बढीमा कुनै दुई वटा स्थानीय तहका पशु सेवा क्षेत्र हेर्ने शाखा प्रमुख वा प्रतिनिधिलाई बैठकमा सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ।

(३) उपसमितिले प्राप्त प्रस्ताव उपर अनुसूची -४ बमोजिम तथा आवश्यकता अनुसार थप मापदण्ड तयार गरी प्रस्तावहरुको मूल्याङ्कन गर्न सक्नेछ।

(४) उपसमितिले प्रस्ताव मूल्याङ्कन गर्दा आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्नु पर्नेछ।

(५) कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम र अन्य निकायहरुबाट लक्षित लाभग्राहीलाई प्रदान गरिने अनुदान नदोहोरिने पक्षलाई यकिन गरी उपसमितिले प्रस्तावहरुको मूल्याङ्कन तथा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यालयमा सिफारिस गर्नुपर्नेछ।

(६) उपसमितिबाट मूल्याङ्कन भई प्राप्त भएका प्रस्तावहरुलाई कार्यालयले स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

११. <u>**सम्झौता र कार्यादेश:**</u> (१) स्वीकृत प्रस्ताव बमोजिम कार्यक्रम सञ्चालनका लागि लाभग्राहीसँग आवश्यक छलफल गरी कार्यालयले नियमावली बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(२) छनौटमा परेका लाभग्राहीले सम्झौता बमोजिम सञ्चालन गरिने क्रियाकलापहरुको समयसीमा सहितको कार्ययोजना पेश गर्नु पर्नेछ र कार्यालयले स्वीकृत गरेपछि सो कार्ययोजना सम्झौताको अभिन्न अङ्ग हुनेछ।

(३) सम्झौतामा उल्लेख भएका शर्त र स्वीकृत प्रस्ताव बमोजिम लाभग्राहीले यस कार्यविधि, प्रचलित कानून





तथा नर्मसको अधिनमा रही क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ र सम्झौता बमोजिमका शर्तहरु पालना गर्नु दुवै पक्षको जिम्मेवारी हुनेछ।

१२. <u>**अनुदानको सीमा तथा भुक्तानी प्रक्रिया:**</u> (१) यस कार्यविधि बमोजिम स्वीकृत भएका प्रस्ताव अनुसार क्रियाकलाप सञ्चालन गर्न लागत अनुमानको आधारमा नियमावली बमोजिम अनुदान उपलब्ध गराइनेछ। प्रस्तावकले सञ्चालन गर्न चाहेको क्रियाकलापको लागत अनुमान जिल्ला दर रेट अनुसार तयार गर्नु पर्नेछ। जिल्ला दररेट स्वीकृत नभएको अवस्थामा प्रचलित बजार मूल्यलाई आधार लिनु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम स्वीकृत भएको प्रस्तावको कूल लागतमा करकट्टी गरी अनुदान रकम कार्यालयबाट लाभग्राहीको बैंक खातामा भुक्तानी गरिनेछ। स्वीकृत लागत अनुमान र सम्झौतामा उल्लेख भएको कूल लागत साझेदारी रकम भन्दा बढी रकम खर्च भएको अवस्थामा सम्झौताभन्दा बढी खर्च हुन आएको रकम अनुदानग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

(३) लाभग्राहीले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गर्दा खर्च हुने रकम मध्ये पचास प्रतिशत रकम भैंसी खरिदको लागि पेश्की स्वरुप रकम दिन सकिनेछ। पेश्की लिई भैंसी खरिद नगरेको पाइएमा कानून बमोजिम असूल उपर गरिनेछ। सम्झौता बमोजिमको बाकी रकम भुक्तानीका लागि कार्य सम्पन्न प्रगति, अनुगमन

मूल्याङ्कन प्रतिवेदन र प्राप्त कागजातको आधारमा सम्बन्धित कार्यालयबाट शोधभर्ना गरिने छ।

(४) सम्बन्धित बिल भर्पाइहरुको प्रमाणित छाँयाप्रति आफूसँग राखी सक्कल बिल भर्पाइहरु अनुदानको अन्तिम भुक्तानी र लेखापरीक्षण प्रयोजनार्थ कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(५) लाभग्राहीले सम्झौता अनुसारको काम सम्पन्न गरे पश्चात अनुसूची -५ बमोजिमको कार्य सम्पन्न प्रतिवेदन र कार्यक्रम सञ्चालन भएको स्थानीय तह पशुसेवा शाखा वा सम्बन्धित वडा कार्यालयको अनुसूची -६ बमोजिम सिफारिस पत्र  समेत राखी भुक्तानीका लागि समयमै निवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद -३
## विविध

१३. अनुगमन तथा मूल्याङ्कनः यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले गर्नेछ।

१४. प्रचलित कानून लागू हुनेः यस कार्यविधिमा लेखिएका विषयहरुका हकमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. बाधा अड्काउ फुकाउनेः यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउनेछ।





**अनुसूची -१**

**(दफा ८ (२) सँग सम्बन्धित)**

**सुदूरपश्चिम प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**..........कार्यालय**

**जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम**

सूचना नं.:                    सूचना प्रकाशित मिति:

**जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)**

जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम, कार्यालय............को चालु आ.व. ....... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत **जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम सञ्चालन कार्यविधि,** २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषक समूह वा महिला कृषक समूह तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात् (मिति ............. गते भित्र) यस कार्यालयमा अनुसूची -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची -३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम | कृषक समूह वा महिला कृषक समूह | जिल्लाभरि | जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ७ मा उल्लेख भए बमोजिम | जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) अन्य आवश्यक काजगातहरु





## अनुसूची -२

**(दफा ९ सँग सम्बन्धित)**

जीविकोपार्जन सुधारका लागि भैंसीपालन

कार्यक्रममा सहभागी हुनका लागि आवेदन फाराम (नमूना)

मितिः....................

**श्रीमान् प्रमुखज्यू**

**कार्यालय...................... ।**

**विषयः आवेदन पेश गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति...................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम **जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम सञ्चालनका लागि** आवश्यक कागजात सहित हामी ....................................समूह ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

नाम, थर :

ठेगाना:

सम्पर्क नं.:

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) अन्य आवश्यक कागजातहर

## अनुसूची -३
## (दफा ९ सँग सम्बन्धित)

**लाभग्राहीले कार्यक्रममा सहभागिताका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा**

१. प्रस्तावकको नाम :

२. कार्यक्रम सञ्चालन गर्ने ठेगानाः ............जिल्ला : ......... न.पा./गा.पा........वडा नं...........टोल

३. प्रस्तावित कार्यक्रम सञ्चालनको मुख्य उद्देश्यः

४. प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी अनुभवः....... वर्ष

५. प्रस्तावित कार्यक्रम सञ्चालन हुने क्षेत्रफल/संख्याः

६. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

७. हाल प्रस्तावकसँग उपलब्ध स्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

८. हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्या: वार्षिक उत्पादन परिमाणः ........... वार्षिक आम्दानीः.............हाल सञ्चालित क्रियाकलापहरुको फोटोहरुः

९. कार्यक्रम सञ्चालन पश्चातको अनुमानित उत्पादकत्वः ................. वार्षिक आम्दानीः..............

१०. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

११. प्रस्तावकको स्थायी लेखा नं. सम्बन्धी विवरण:





१२. कार्यक्रम सञ्चालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क्र.सं. | क्रियाकलाप | एकाइ | परिणाम | दर | कुल लागत रु. | अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | पूर्वाधार विकास | | | | | | लम्वाइ, चौडाइ, मोटाइ लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरणसमेत राख्नु पर्नेछ। |
| १.१. | जलवायुमैत्री गोठ निर्माण/सुधार | | | | | | |
| १.२ | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नु पर्नेछ। |
| २.१ | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | पाडा/पाडी खरिद,ढुवानी ,घाँस व्यस्थापन,पशुस्वास्थ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ४ | कार्यक्रम सार्वजनिकीकरण | | | | | | होडिङ बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, प्रतिवेदन |
| ४.१ | | | | | | | |
| | जम्मा | | | | | | |

१३. कार्यक्रम सञ्चालन हुने स्थल सडकसँग जोडिएको छ/छैन..... छ भने सडकको किसिम.......

१४. कार्यक्रम सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ/छैन..........

१५. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन :.............प्रति वर्ष
- रोजगारी सिर्जना : ............. जना

१६. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्याः प्रत्यक्ष .... अप्रत्यक्ष........

१७. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(क) आवश्यकता र औचित्य:

(ख) कार्यक्रम सञ्चालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरण:





(ग) कार्यक्रमबाट उत्पादन हुने वस्तुको सूची र अनुमानित परिमाण:

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रिया:

(ङ) कार्यक्रमबाट उत्पादन हुने वस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरण:

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ। यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| साक्षी | निवेदक |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| फोन नं.: | फोन नं.: |
| मिति : | मिति : |
| | छाप :............. |

## अनुसूची -४

## (दफा १० को उपदफा (३) सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कन समितिबाट गरिने मूल्याङ्कनको ढाँचा

लाभग्राही छनौट मूल्याङ्कन मापदण्ड (नमूना)

| क्र.सं. | सूचकाङ्क आधार | अधिकतम सम्भाव्य अङ्क |
|---|---|---|
| १. | सामाजिक एवं लैङ्गिक सहभागिता (महिला, पुरुष, दलित, आदिवासी आदि) | २० |
| २. | प्रस्तावित कार्यले सिर्जना गर्ने रोजगारीको अवसर | २५ |
| ३. | भौगोलिक एवं प्राविधिक उपयुक्तता | २० |
| ४. | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | १० |
| ५. | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | १० |
| ६. | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | १५ |

नोटः कार्यक्रमको प्रकृति अनुरुप प्राविधिक समितिले मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ। साथै





उल्लेखित मापदण्ड अनुसार प्रस्ताव मुल्याङ्कन गर्दा समितिले आवश्यकता अनुसार चेकलिस्ट बनाई मुल्याङ्कन गर्न सक्नेछ।

निवेदन नं. सूचना नंः

| क्र.सं. | प्रस्ताव पेश गर्ने | प्राप्ताङ्क | जम्मा प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

नोटः कोष्ठको अंकले अधिकतम जनाउँछ।

प्रस्ताव मुल्याङ्कन समितिका सदस्यहरुका नाम र दस्तखतः

| क्र.स. | नाम | दस्तखत |
|---|---|---|
| | | |
| | | |

आमन्त्रित सदस्यः मितिः

## अनुसूची -५

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

**कार्य-सम्पन्न प्रतिवेदनको ढाँचा**

**श्रीमान् प्रमुखज्यू**

**कार्यालय......................।**

**विषयः कार्य सम्पन्न प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कार्यालयसँग मिति.............................मा भएको सम्झौता बमोजिम **जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम** सञ्चालनका लागि हामी ..................................................................ले स्वीकृत प्रस्ताव बमोजिमका देहाय अनुसारका क्रियाकलापहरु सम्पन्न गरिसकेकाले सम्पादित कार्य विवरण खुल्ने देहाय बमोजिमको कार्य सम्पन्न प्रतिवेदन आवश्यक कारवाहीका लागि पेश गरेको छु/छौं।

कार्य सम्पन्न प्रतिवेदनको ढाँचा

- सञ्चालित प्रस्ताव/कार्यक्रमको नाम:
- कार्यक्रम शुरु गरिएको मिति:
- कार्यक्रम सम्पन्न गरिएको मिति:
- कार्यक्रम सञ्चालन गरिएको स्थान:
- कार्यक्रम सञ्चालन गरेको लाभग्राहीको नाम, थर र सम्पर्क नं:.
- सञ्चालित कार्यक्रमको कुल लागत रु.:





- सञ्चालित कार्यक्रममा कार्य सम्पन्न पश्चात कुल अनुदान प्रवाह भएको रकम रु.:
- लाभग्राही/उद्यमी स्वयमले व्योहोरेको रकम रु.:
- कार्यक्रम सञ्चालनका क्रम सम्पादित प्रमुख क्रियाकलाप सम्बन्धी विवरण:

| सम्पादित क्रियाकलाप | लक्षित संख्या | कार्य सम्पन्न प्रगति | कुल खर्च रकम रु. | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

- सञ्चालित कार्यक्रममा समग्रमा प्राप्त प्रमुख उपलब्धिहरु (व्यवसाय विकास, लाभग्राही संख्या, रोजगारी सिर्जना भएको संख्या, कारोवारमा भएको वृद्धि, आदि सम्बन्धी विवरण उल्लेख गर्ने)
- अन्य विवरण तथा सल्लाह सुझाव यस कार्यालयसँग भएको मितिको सम्झौता बमोजिम माथि उल्लेखित क्रियाकलापहरु सम्पन्न भए/गरेको ठीक साँचो हो भनी स्वःघोषणा गर्दछु।

निवेदक

नाम, थर :

ठेगाना:

सम्पर्क नं.:

अनुसूची -६

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

सम्बन्धित स्थानीय तह पशुसेवा शाखा वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (नमूना)

मितिः.....................

**श्रीमान् प्रमुखज्यू**

**कार्यालय......................।**

**विषय : सिफारिस सम्बन्धमा।**

प्रस्तुत विषयमा त्यस कार्यालयबाट **जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम** सञ्चालनका लागि मिति.......................गते भएको सम्झौता बमोजिम .....................स्थायी ठेगाना भएको...................समूहले तहाँबाट भएको सम्झौता बमोजिम तपसिल बमोजिमका कार्यहरु सम्पन्न गरेकाले नियमानुसार अनुदान रकम भुक्तानीका लागि सिफारिस साथ अनुरोध छ।





कार्य सम्पन्न विवरण

| क्र.सं. | सम्पादित क्रियाकलापको विवरण | सम्पादित परिमाण | कुल खर्च रकम रु | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

.........................

सम्बन्धित स्थानीय तह पशुसेवा शाखा/वडा कार्यालय

**आज्ञाले,**

**शंकर साह**

**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १०।-